## नेपालको भेटेरिनरी सेवाको कार्यसम्पादन मूल्याङ्कन प्रतिवेदनको सारांश
(विश्व पशु स्वास्थ्य संगठनद्वारा सन् २०२३ मा गरिएको मूल्याङ्कन)

### १.१ परिचय

नेपाल सरकारको अनुरोधमा विश्व पशु स्वास्थ्य संगठन (WOAH) ले विशेष गरी पि. पि. आर. रोग (Peste Des Petits Ruminants) नियन्त्रणका लागि नेपालको भेटेरिनरी सेवाको विश्व पशु स्वास्थ्य संगठन PVS (Performance of Veterinary Services) पद्धतिको आधारमा १८-२९ सेप्टेम्बर २०२३ मा विश्व पशु स्वास्थ्य संगठन द्वारा मान्यताप्राप्त स्वतन्त्र PVS मूल्याङ्कनकर्ताहरूको टोलीद्वारा पुनः मूल्याङ्कन गरिएको थियो। यस कार्यमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र सम्बन्धित सरोकारवालाहरूसँग औपचारिक छलफल/बैठक आयोजना गरिएको थियो। उक्त छलफल/बैठकमा केही प्रदेशका पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, नेपाल कृषि अनुसन्धान परिषद्, FAO-ECTAD र WHO (स्वास्थ्य आपत्कालीन सम्बन्धी टोली प्रमुख) आदिको सहभागिता रहेको थियो। PVS मूल्याङ्कनकर्ताहरूको टोलीले सम्बन्धित निकायहरु जस्तै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र स्वास्थ्य सेवा विभाग अन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (EDCD) को अवलोकन समेत गरेका थिए। WOAH-PVS को टोलीले नेपालका तीनै तहलाई समेट्ने गरी विभिन्न शहरी र ग्रामिण क्षेत्रमा रहेका सार्वजनिक तथा निजी पशु सेवा प्रदायक संस्थाहरूको अवलोकन गरी त्यहाँका सरकारी अधिकारी, सार्वजनिक तथा निजी क्षेत्रका पशु चिकित्सक, भेटेरिनरी पाराप्रोफेसनल, पशुपालक, व्यवसायी, उपभोक्ता र अन्य सरोकारवालाहरूसँग सम्बन्धित विषयमा छलफल गरेका थिए। उक्त अवसरमा नेपाल पशु चिकित्सा परिषद्, शैक्षिक संस्थानका विभिन्न शिक्षाविद् र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा आवद्ध पशु चिकित्सकहरूसँगको अन्तरक्रिया समेत समेटिएको थियो। मूल्याङ्कनको लागी पशु सेवा विभागले विभिन्न पशु कल्याणसँग सम्बन्धित गैरसरकारी संस्था र कृषक, व्यवसायी, पेशाकर्मी तथा पाराप्रोफेसनल संस्था वा तिनका प्रतिनिधि सँग अन्तरक्रिया गर्न सहजीकरण गरी यस मिसनमा सहयोग पुऱ्याएको थियो। यस कार्यको समापनका लागि काठमाडौंमा विभिन्न सरोकारवालाहरू सहित समापन बैठकको आयोजना गरि मूल्याङ्कन कार्यको समग्र निष्कर्षको बारेमा छलफल गरिएको थियो।

### १.२ मूल्याङ्कनको सारांश

#### १.२ क. जनशक्ति, भौतिक र वित्तीय स्रोतहरू

नेपालमा सक्षम पशु चिकित्सक र पेशाकर्मीहरू सङ्घीय, प्रादेशिक र निजी स्तरमा नेतृत्व तहमा कार्यरत छन्। यद्यपि केही स्थानहरूमा पेशाकर्मी र प्राविधिक कर्मचारीहरूको पदपुर्ति आवश्यक्ता अनुसार हुन सकेको छैन। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पहलमा एक स्थानीय तह एक पशु चिकित्सक करार सम्झौतामा नियुक्त गर्ने कार्यक्रम कार्यान्वयन भए तापनि पर्याप्त संख्यामा स्थानीय स्तरमा पशु चिकित्सकको अभाव र करारमा कार्यरत पशु चिकित्सकहरू जागिर छोडी

बाहिरिने प्रवृतिले गर्दा उक्त कार्यक्रम पूर्ण रूपले सफल हुन सकेको छैन। निजामती सेवाको प्रावधान अनुसार अनुभवी भेटेरिनरी पाराप्रोफेसनलहरूलाई पनि पशु चिकित्सकको पदमा कार्य गर्न अनुमति प्रदान गरेको पाइन्छ। भेटेरिनरी साधिकार निकाय र अन्तर्गतका कार्यालयहरूमा स्थायी रूपमा कार्यरत कर्मचारीहरूको संख्या अपर्याप्त रहेको अवस्था छ। पशु स्वास्थ्य/पशु सेवा प्राविधिकहरू(भेटेरिनरी पाराप्रोफेसनल) पशु चिकित्सा क्षेत्रको अभिन्न अङ्ग भए तापनि नेपाल पशु चिकित्सा परिषद्ले कानुनी आधारमा तिनीहरूको अनुमोदन र नियमन गर्दैन। नयाँ बनेको पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को लक्ष्य पशु स्वास्थ्य प्राविधिक, पशु सेवा प्राविधिक र ग्रामीण पशु स्वास्थ्यकर्मीको दर्ता गर्नु रहेकोछ। भेटेरिनरी साधिकार निकायले विभिन्न नीतिहरू, रणनीतिहरू र कार्यक्रमहरू तर्जुमा गर्ने गरिएतापनि अपर्याप्त बजेट, प्रदेश र स्थानीय तहको भेटेरिनरी सेवाको क्षमता अभिवृद्धिमा कमीका कारणहरुले तिनको कार्यान्वयन दिगो रूपले हुन सकेको छैन।

## १.२ ख. प्राविधिक अधिकार र क्षमता

पशु सेवा विभाग सँग पशु रोगहरूको पहिचानको लागि स्थिर प्रयोगशालाको सञ्जाल छ। तथापि, खाद्य स्वच्छता बाहेक, पशु स्वास्थ्य तर्फ ISO 17025 मान्यताप्राप्त प्रयोगशालाहरु छैनन। जोखिम विश्लेषण शाखा र समिति बनाइएको छ, तर यसमा सीमित मात्रामा विशेषज्ञता रहेको छ। पशु स्वास्थ्य र खाद्य स्वच्छता दुवैका लागि सूचना प्रणालीमा महत्त्वपूर्ण कमी देखिन्छ। नेपालले विश्व पशु स्वास्थ्य संगठनको मापदण्ड अनुसार स्थापित क्षेत्रीयकरणलाई मान्यता दिँएको देखिदैन र छिमेकी मुलुकहरूसँगको समन्वयमा जोखिम विश्लेषण भइरहेको छैन। पशु क्वारेन्टाइनका गतिविधिहरु पशु सेवा विभागको प्रत्यक्ष नियन्त्रणमा छन भने नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window) मार्फत आयात नियमन गरिएकोछ। पशु सेवा विभागले यो प्रणाली व्यापार सहजीकरणको लागि प्रयोग गरिरहेको छ। Passive Surveillance र सुचिकरण प्रणाली सञ्चालित भए तापनि वित्तीय स्रोतको कमीका  कारण यसको कार्यकुशलता सीमित छ। सूचीत गर्नुपर्ने रोगहरूको कारण हुने क्षतिको राहत सम्बन्धी व्यवस्था बर्ड फ्लू(Highly Pathogenic Avian Influenza) बाहेक अन्य रोगहरूको लागि अभ्यास गरिएको छैन। फलस्वरुप सूचीत गर्नुपर्ने रोगहरूको प्रारम्भिक पहिचान र नियन्त्रण गर्न सचेतनाको स्तर समेत निकै कमजोर देखिन्छ।

पशु सेवा विभागले Active Surveillance कार्यक्रमहरूको योजना बनाउँछ तर स्रोतहरूको कमी र तीन तहको सरकारमा विभाजित कमजोर फिल्ड पशुचिकित्सा सञ्जालले गर्दा Active Surveillance सीमित भएको छ। पशु सेवा विभागले फार्म र पशु बधशालामा हुने प्राथमिक उत्पादनको जिम्मेवारी लिएको छ र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले प्रशोधन पछि खाद्य स्वच्छताको लागि उत्तरदायीत्व वहन गरेको छ। पशु सेवा विभागले मासुजन्य पदार्थ उत्पादनका लागि कुनै पनि पशुमा एन्टिमोर्टम र पोस्टमार्टम निरिक्षण गरिरहेको छैन। समग्र राष्ट्रिय अवशेष अनुगमन कार्यक्रमको कमी  र पशु

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

कल्याण मापदण्डहरूको कार्यान्वयन गर्ने स्रोतहरू सीमित छन्। खाद्य प्रशोधन गर्ने संस्थाहरूमा सीमित जोखिममा आधारित निरीक्षण, पशु बधशाला संरचना र बध गरिएका पशुहरूको लागि पशु चिकित्सा निरीक्षणको अभाव महत्त्वपूर्ण चुनौतीको रुपमा रहेकाछन।

## १.२ ग. सरोकारवालाहरू सँगको अन्तरक्रिया

सूचनाको हक सम्वन्धी ऐनले नेपालमा पशु चिकित्सा क्षेत्रमा कार्य गर्ने सरकारी निकायहरू लाई सूचना अधिकारी तोक्न र स्वतः प्रकाशन गर्न निर्देश गरेकोछ भने ती निकायहरूले नेपाल सरकारलाई प्राप्त गुनासो समाधान संयन्त्रमा समर्पित एक युनिट राखी सहभागिता तथा सहकार्य गर्ने गरेकाछन्। तथापि बहुसंस्थागत सञ्चारको लागि स्पष्ट मानक सञ्चालन विधिहरु छैनन्। भेटेरीनरी साधिकार निकायले वाह्य सञ्चारको लागि राखेका वेबसाइटमा भएका अधिकांश सामग्री राष्ट्रिय भाषामा छन्। निजी क्षेत्रका सहभागीहरू संगठित छन् र भेटेरीनरी साधिकार निकायले किसान/व्यवसायी/उद्योग संघहरूसँग परामर्श गर्ने गर्दछ। भेटेरिनरी सेवाले निजी क्षेत्रलाई खोप अभियान संचालन र पशुको ओसारपसार नियन्त्रणमा लागि निक्षेपणको व्यवस्था गरेको भए तापनि थप सुधार आवश्यक छ। भेटेरीनरी साधिकार निकायले पशु बीमा प्रिमियममा अनुदानको सुविधा दिदै आईरहेको छ र त्यसका लागि निजी बीमा कम्पनीहरूसँग सहकार्य गर्दछ तर पशु चिकित्सा सेवा कार्यक्रमहरूको संयुक्त औपचारीक कार्यान्वयनको कुनै प्रमाणहरु छैनन्।

## १.२ घ. बजारमा पहुँच

नेपालको संविधानले २०७२ अनुरुप तीन तहको सरकार स्थापित भए तापनि पशु चिकित्सा सेवामा आदेश श्रृङ्खलामा स्पष्टता देखिँदैन। पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५, पशु बधशाला र मासु जाँच ऐन, २०५५, र नयाँ खाद्य स्वच्छता र गुणस्तर ऐन लगायतका नियामक ऐनहरूमा संशोधन आवश्यक रहेको छ। नेपाल पशु चिकित्सा परिषद्ले नियामक भूमिका अंगीकार गरेको भएतापनि उक्त परिषदवाट स्वतन्त्र रुपमा पशु स्वास्थ्य तथा पशु सेवा व्यावसायी परिषद गठन भई कार्यरत छ। नेपालले पशु सेवाको कार्यक्षमतामा अन्तर्राष्ट्रिय पद्धतिहरू पछ्याउने प्रयास गर्दैछ, तर सीमित निर्यात र स्रोतहरूले आवश्यक मापदण्डहरुसँगको परिपालना, भेटेरिनरी साधिकार निकायको चुनौतीको रुपमा रहेका छन्। सीमित जोखिममा आधारित निरीक्षणहरू पनि यस क्षेत्रका वास्तविक अन्तर हुन्।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## १.३ प्रमुख सिफारिसहरू

### १.३ क. जनशक्ति, भौतिक र वित्तीय स्रोतहरू

**पशु चिकित्सा सञ्जालको मानव संसाधन, पूर्वाधार, समन्वय र वित्त पोषणको सुदृढीकरण गर्ने।**

विशिष्टिकृत सीप र क्षमतासहितको पशु चिकित्सकको उपलब्धता सुनिश्चित गर्न नेपालको पशुचिकित्सा सेवामा थप लगानी आवश्यक छ। योजनाबद्ध लगानी गरि जनशक्तिको क्षमता अभिवृद्धिका लागि उपयेक्त योजना तयार गरी वर्तमान श्रमबलको मूल्याङ्कन गर्न आवश्यक छ। सरकारी तवर वाट उपलव्ध पशु चिकित्सा सेवालाई जवाफदेही बनाउदै सरकारले निजी पशु चिकित्सकले अवलम्वन गर्ने अभ्यासको मूल्याङ्कन र प्रवर्द्धन समेत गर्नुपर्छ। आपतकालीन स्थितीहरूमा अतिरिक्त पशु चिकित्सकको उपलब्धताको लागि सङ्गठित जनशक्तिको व्यवस्था गर्न थप कानूनी व्यवस्था गर्नुपर्छ। नेपालको संघीय संरचना र सरकारी पशु चिकित्सा सेवासँग सम्बन्धित जिम्मेवारीहरू पूरा गर्न सबै सरकारी तहमा पशु चिकित्सा कार्यहरूका लागि जनशक्ति आवश्यक छ। सन्तुलित कार्यभार र प्रोत्साहन सहितको संरचना बनाई उपलब्ध उतकृष्ट पेशाकर्मीहरूलाई आकर्षित गरी कायम राख्न आवश्यक समेत देखिएको छ।

**गुणस्तरीय पशु चिकित्सा सेवा प्रदान गर्नका लागि पशु प्राविधिकलाई सक्षम बनाउने कानूनी र नीतिगत वातावरण निर्माण गरि पशु कल्याण मापदण्डको परिपालना र जनस्वास्थ्यको सुरक्षा सुनिश्चित गर्ने।**

भेटेरिनरी पाराप्रोफेसनललाई स्पष्ट रूपमा परिभाषित गर्नुपर्छ र दर्तावाल पशु चिकित्सकवाट अनुगमन र मार्गदर्शन प्राप्त गर्नुपर्छ। पशु चिकित्सासँग सम्वन्धित एक वैधानिक निकायलाई पशु चिकित्सक र भेटेरिनरी पाराप्रोफेसनल दुवैको लागि नियमनका लागि सिफारिस गरिएको छ। सरोकारवालाहरूलाई संलग्न गराउन र गुणस्तरीय सेवा प्रदान गर्नका लागि नियमनमा भएका सम्भावित दोहोरोपना र असंलग्नताहरूको सम्वोधन महत्त्वपूर्ण छ। भेटेरिनरी साधिकार निकायले भेटेरिनरी पाराप्रोफेसनलका आवश्यकता र दक्षताको मूल्याङ्कन गरी दक्षताको कमीलाई पूरा गर्न लगानी गर्नुपर्छ। भेटेरिनरी पाराप्रोफेसनललाई सीपयुक्त पेशाका रूपमा मान्यता दिई नेपाल मापदण्ड वर्गीकरण (Nepal Standard Classification of Occupation) को सूचीमा समावेश गर्नुपर्छ। तोकिएका भेटेरिनरी पाराप्रोफेसनललाई पनि वृत्ति विकासका अवसरहरू, व्यावसायिक सुरक्षा र स्वास्थ्य सहयोग प्रदान गर्नुपर्छ र पशु चिकित्सकहरूलाई उनीहरूको मार्गदर्शकको रूपमा नियुक्त गर्नुपर्छ। तोकिएका भेटेरिनरी पाराप्रोफेसनललाई टोली सदस्यको रुपमा समावेश गरेमा प्रविधिमा आधारित विकल्पहरूले उनीहरूद्वारा प्रदान गरिएका स्वास्थ्य सेवाहरूलाई नियमन गर्न मद्दत गर्छ र पशु चिकित्सकहरूको उधमशीलतामा टेवा पुर्याउन पनि मद्दत गर्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरवार, काठमाडौं

पशु चिकित्सक र प्राविधिकहरूको न्यूनतम योग्यता तथा निरन्तर शिक्षाको सुधारमा लगानी गर्ने।

यस मिशनले पशु चिकित्सक र प्राविधिकहरूको शिक्षा, तालिम र सिपविकासमा लगानीको सिफारिस गर्दछ। यस कार्यका लागी  आवस्यक स्रोत र अध्ययन प्लेटफर्महरू, क्षेत्रीय सञ्जालहरूको प्रयोग गर्न सुझाव दिन्छ। नेपाल पशु चिकित्सा परिषदले राष्ट्रिय आवश्यकतासँग र WOAH Day-1 दक्षता सिफारिससँग मेल खाने गरी विद्यमान पशु चिकित्सा पाठ्यक्रमको स्व-मूल्याङ्कन गर्नुपर्छ। पशु चिकित्सासँग सम्वन्धित सरकारी निकायले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) सँग सहकार्य गरी भेटेरिनरी पाराप्रोफेसनलको लागि दक्षतामा आधारित पाठ्यक्रम विकास गर्नुपर्छ। राष्ट्रिय व्यावसायिक सीप मापदण्डको अद्यावधिक संस्करणले प्राविधिकहरूको प्रशिक्षण सुधार गर्न सक्छ। पशु चिकित्सा सेवामा योगदान पुर्‍याउनका लागि नेपाल पशु चिकित्सा परिषद्ले निरन्तर शिक्षाका अवसरहरूको मूल्याङ्कन र दर्ता गर्न अगुवाइ गरी निरन्तर शिक्षालाई सवै जनशक्तिका लागि अनिवार्य बनाउनुपर्छ। राष्ट्रिय अनलाइन सिकाइ व्यवस्थापन प्रणालीको स्थापना भएमा क्षमता अन्तरहरू सम्बोधन गर्न र देशभर निरन्तर शिक्षा वितरणको सहजता बनाउन मद्दत पुग्नेछ।

प्राविधिक स्वतन्त्रता सुनिश्चित गर्दै नीतिहरूको योजना र व्यवस्थापनमा सुधार गरी दिगोपनामा सहयोग गर्ने।

पशु चिकित्सा सेवाले निर्णय लिने प्रक्रियाहरूलाई मानकीकरण गर्दै विज्ञानमा आधारित सूचना राख्ने र नियमित रूपमा कर्मचारीलाई थप लाभहरू प्रदान गरेर उत्प्रेरित गर्नुपर्छ। पशु चिकित्सा सेवाले निजी क्षेत्रलाई कार्यहरू सुम्पँदा मतभेद रोकी कार्यक्रम कार्यान्वयनको बारेमा विस्तृत रिपोर्ट सुनिश्चित गर्नुपर्छ। पशु चिकित्सा सेवा प्रभावकारी रूपमा व्यवस्थापन गर्नका लागि विधुतिय सूचना प्रणाली विकास गरिनुपर्छ।

आन्तरिक र बाह्य समन्वय सुधारको सुनिश्चितता गर्ने।

पशु सेवा विभागले प्रादेशिक र स्थानीय तहमा WOAH का कोडहरूको कार्यान्वयनका लागि समन्वय गर्न आवश्यक छ। यसका लागि वर्तमान अधिकारहरूको सूची विश्लेषण गरी भूमिका र जिम्मेवारीहरूको आपसी समझदारी सुनिश्चित गर्न केही संशोधन समेत गर्नु पर्छ। केन्द्रदेखि स्थानीय तहसम्म प्रभावकारी समन्वय प्रणाली विकास गरी रोगको निगरानी, रोग नियन्त्रण, खाद्य स्वच्छता, आपतकालीन तयारी र प्रतिकार्य समान रूपमा कार्यान्वयन गर्न सक्नुपर्छ। जुनोटिक रोगको प्रकोपको बारेमा सचेतना वृद्धि गर्न र बहुक्षेत्रिय/बहुआयामी समन्वय प्रणाली आवश्यक छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

**प्राविधिक स्वतन्त्रता सुदृढ बनाउन निर्णय प्रक्रियाहरूलाई मानकीकरण गरी भेटेरिनरी सेवा प्रदायक कर्मचारीहरूको तलबलाई तुलनीय पेशाहरू र जिम्मेवारीहरूसँग पुनरावलोकन गरि समानान्तर बनाउने।**

प्राविधिक स्वतन्त्रताको समर्थन गर्न पशु सेवा प्रदायकले निर्णय गर्नका लागि मानकीकरण गरिएका प्रक्रियाहरू विस्तार गर्ने र वैज्ञानिक प्रमाणका आधारमा प्राविधिक निर्णयहरू अद्यावधिक गरी सूचनाहरु राख्नु पर्छ। निर्णय प्रक्रियामा बाह्य प्रभावको जोखिम भएका पशु चिकित्सा सेवाका कर्मचारीहरूको तलब र अन्य सुविधाहरूको नियमित रूपमा पुनरावलोकन गरी अन्य तुलनीय शिक्षा र जिम्मेवारी भएका पेशाहरूसँग तादाम्य मिलाउनुपर्छ। सरकारी कार्यहरू जस्तै पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने आदिको अख्तियारी निजी क्षेत्रलाई दिनु पूर्व सरकारी पशु सेवा प्रदायकले विशेष गरी प्रत्यक्ष कारोबार हुने कार्यमा मतभेद रोक्नका लागि व्यवस्थापन गर्नुपर्छ। कार्यक्रमहरूको उचित योजना तर्जुमा र कार्यानवयन गर्नका लागि प्रभावकारी संयन्त्रको आवश्यकता पर्छ जसले प्रादेशिक र स्थानीय तहका कार्यक्रमहरूको प्रभावकारी र भरपर्दो रिपोर्टिङ्ग सुनिश्चित गर्नका लागि समय समयमा पुनरावलोकन गरी सुधार गर्न मद्दत पुऱ्याउँछ। पशु सेवा सम्बन्धी कार्यक्रम र गतिविधिहरूको प्रभावकारी व्यवस्थापनका लागि व्यापक सूचना प्रणाली विकास गर्नुपर्छ।

**विश्व पशु स्वास्थ्य संगठन कोडसँग सम्बन्धित सबै गतिविधिहरूको कार्यान्वयन सुनिश्चित गर्न प्रदेश र स्थानीय तहका पशु स्वास्थ्य सेवा बीच कुशल समन्वय संयन्त्रहरूको विकास गर्ने।**

प्रदेश र स्थानीय तहका पशु सेवा सम्वन्धी निकायहरू पशु सेवा विभाग मातहत नपर्ने भएकोले WOAH कोडका मानकहरू कार्यान्वयन गर्नका लागि पशु सेवा विभागले भेटेरिनरी साधिकार निकायको जिम्मेवारी पूर्ण क्षमतामा पूरा गर्न विभिन्न समन्वयात्मक कार्यहरू गर्नुपर्छ। वर्तमान कार्यविवरणलाई गहिरो विश्लेषण गरी प्रदेश र स्थानीय तहसँग सहकार्य गर्दै सबै तहका पशु स्वास्थ्य सेवाका भूमिका र जिम्मेवारीहरूको स्पष्ट आपसी समझदारी सुनिश्चित गर्न नियमावली वा अन्य कानूनी दस्तावेजहरू तयार गर्नुपर्छ। भूमिका र जिम्मेवारीहरूको स्पष्ट आपसी समझदारीको आधारमा WOAH कोडसँग सम्वन्धित सबै गतिविधिहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न उपयुक्त समन्वय मापदण्डहरू विकास गर्न थप स्रोत आवश्यक छ।एक स्वास्थ्य रणनीति स्विकृत भएता पनि राष्ट्रिय कार्य योजना अझै स्वीकृत भैसकेको छैन। महामारी, इमर्जिङ वा रिइमर्जिङ जुनोटिक रोगहरूको प्रकोपको प्रतिकार्य गर्न जनस्वास्थ्य र वन/वातावरण मन्त्रालयसँगको समन्वयमा वहुविभागीय कार्यान्वयन मापदण्डहरू बनाउन आवश्यक छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

भौतिक तथा वित्तीय स्रोतसाधनको उपलब्धता सुनिश्चित गर्ने।

भेटेरिनरी साधिकार निकायले आफ्ना गतिविधिहरू संचालन गर्न आवश्यक पर्ने न्यूनतम भौतिक स्रोतसाधन परिभाषित गर्नुपर्छ। प्रदेश र स्थानीय तहका अधिकारीहरूसँगको सहकार्यमा आवश्यक भौतिक स्रोतसाधनको उपलब्धता, तिनीहरूको नियमित मर्मतसम्भार र प्रतिस्थापन सुनिश्चित गर्न संयन्त्रहरू विकास गर्नुपर्छ। भेटेरिनरी सेवाका आधिकारिक गतिविधिहरू गर्न पर्याप्त भौतिक स्रोतसाधन सुनिश्चित गर्न सार्वजनिक-निजी साझेदारी (PPP) को सम्भावनाहरू समेत खोजी गर्न सकिन्छ।
भेटेरिनरी सेवाको कुशल कार्सम्पादनका लागि पर्याप्त वित्तीय स्रोत चाहिन्छ जुन राष्ट्रिय प्राथमिकताका आधारमा स्वीकृत राष्ट्रिय रणनीतिमा आधारित हुनुपर्छ। आपतकालीन स्थितीमा छिटो र प्रभावकारी रूपमा प्रतिकार्य गर्न सक्ने क्षमताको लागि वा नयाँ उदीयमान मुद्दाहरू, आकस्मिकता र सम्बन्धित कोष छिटो बनाइनुपर्छ र अतिरिक्त वित्तीय स्रोतहरूमा द्रुत पहुँचको लागि परिचालन संयन्त्र समेत स्थापना हुनुपर्छ। प्रादेशिक र स्थानीय पशु चिकित्सा सेवाले समेत न्यूनतम भौतिक स्रोतहरू परिभाषित गरि रोग नियन्त्रण र सार्वजनिक पशु स्वास्थ्य कार्यक्रम कार्यानवयन गर्नुपर्दछ। नियमित मर्मतसम्भार र प्रतिस्थापनको लागि अन्य अधिकारीहरूसँगको सहकार्य महत्त्वपूर्ण छ। कुशल कार्यसम्पादन, दिगोपना र स्रोतहरूको सुनिश्चितताका लागि सशुल्क सेवा, लागत-रिकभरी, र सार्वजनिक-निजी साझेदारी जस्ता वैकल्पिक स्रोतहरू अन्वेषण गर्न सकिन्छ। पशु उत्पादकहरूको उत्थानशिलताका लागि आपतकालीन प्रतिक्रिया कोष महत्त्वपूर्ण छन र सरकारी निकायहरुले यसका लागि कानुन र परिचालन संयन्त्र अपनाउनुदै सकेसम्म सबै सूचित गर्नुपर्ने रोगहरूको लागि राहत/क्षतिपूर्ति प्रदान गर्नु आवस्यक छ।

१.३ ख. प्राविधिक अधिकार र क्षमता

ISO १७०२५ मान्यता प्राप्त गर्न प्रयोगशालाहरूको गुणस्तर सुधार गर्ने।

पशु सेवा विभागले प्रयोगशालाहरूको मान्यताको लागि व्यवसायीक योजना तयार गरि आवस्यक स्थान र कार्यहरूलाई प्राथमिकता दिनुपर्छ। WOAH PVS Pathway Sustainable Laboratories Mission ले प्रयोगशाला परीक्षण कार्यक्रमहरूलाई पशु स्वास्थ्य, कल्याण, र खाद्य स्वच्छताका प्राथमिकताहरूसँग मिलान गर्न सहयोग गर्न सक्छ। फिल्ड भेटेरिनरी जनशक्ती सञ्जाल सुधार गर्नाले दुर्गम क्षेत्रहरूमा प्रयोगशालाको पहुँच सुधार हुनेछ। सार्वजनिक-निजी साझेदारी ढाँचाले समेत प्रयोगशाला सञ्जाल सुधार गर्न मद्दत गर्न सक्छ। प्रयोगशालाहरू Quality Management System (QMS) को विकास गरि Laboratory Information Management System(LMIS) कार्यान्वयन गर्नुपर्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

एक स्वास्थ्य तथा सार्वजनिक निजि सझेदारीको अवधारण अनुरुप रोगको सूचना प्रवाह र पुर्वतयारीमा सुधार गर्ने।

सूचित गर्नुपर्ने रोगहरूको लागि सूचना प्रणाली, क्षतिपूर्ति संयन्त्र र पशुधन बीमा कार्यक्रमहरूसँग आवद्ध गर्नु आवश्यक छ। एक स्वास्थ्यको अवधारण लागू गर्नाले जुनोटिक रोग निगरानी र नियन्त्रणमा सुधार गर्न सकिन्छ। वन तथा वातावरण मन्त्रालयसँगको सहकार्यमा गरिने संयुक्त कार्यक्रमहरूले वन्यजन्तुका रोगहरुमा निगरानी बढाउन सक्छ। नियमित आकस्मिक योजनाहरू र सिमुलेशन अभ्यासहरूले पुर्वतयारीमा सुधार गर्न सक्छ। भेटेरिनरी पाराप्रोफेस्नल्सहरूको निगरानी र योग्यता पुगेका पशु चिकित्सक मार्फत अनिवार्य पर्यवेक्षणले पशु चिकित्सा सेवाहरूमा विश्वास बढाउन सक्छ।

पशु वधशालाहरूको नियमन गर्ने तथा एन्टिमोर्टम र पोस्टमार्टम निरिक्षण कार्यान्वयन गर्ने।

भेटेरिनरी सेवाले खाद्य स्वच्छताको लागि महत्त्वपूर्ण विन्दु, पशु स्वास्थ्य सूचनाको महत्वपूर्ण श्रोतको रूपमा रहेको पशुको बधलाई तत्काले नियमन गर्न आवश्यक छ। यस कार्यका लागि पशु सेवा विभागले प्रदेश र स्थानीय तहहरुसँगको सहकार्यमा पशु बधशालाहरुको प्रमाणिकरण तथा निरीक्षणका लागि रणनीति विकास गरि दिर्धकालिनरुपमा सवै Food Business Operators (FBOs) मा खाद्य स्व्च्छता व्यवस्थापन प्रणाली लागु गर्नु आवश्यक छ। सवै FBOs मा इजाजतपत्र विस्तार गर्नुपर्छ। पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको निकटतम समन्वय र सहयोगको लागि परिचालित संयन्त्र स्थापना गरि कुशलतापूर्वक विद्यमान स्रोतहरू प्रयोग गर्न आवश्यक छ। खाद्य स्वच्छता व्यवस्थापन प्रणाली कार्यान्वयन, FBOs को जोखिम वर्गीकरण र जोखिममा आधारित निरीक्षण योजनाको कार्यान्वयन मापदण्डहरुको अनुपालना बढाउन र मानव संसाधनको अधिकतम उपयोग गर्न पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको वर्तमान संगठनात्मक संरचना, कार्यविवरण, जनशक्ति नियमन र निरीक्षण सम्वन्धमा संशोधन र समायोजन समेत आवश्यक छ।

एन्टिमोर्टम र पोस्टमार्टम निरीक्षणको क्रमिकरुपमा कार्यान्वयनको लागि राष्ट्रियस्तरमा योजना तयार गरी कार्यान्वयन गर्नु अपरिहार्य छ। यसका लागि प्रचलित पशु बधशाला र मासु जाच ऐन को थप समीक्षा सहित अन्तर्राष्ट्रियस्तरको अनुपालन बढाउन मापदण्डहरू, र अन्तरिम कानुन र दिशानिर्देशकहरूको विकास गर्न आवश्यक छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

**भेटेरिनरी औषधीको नियमन र जिम्मेवार तथा विवेकपूर्ण प्रयोग सुनिश्चित गर्न कानूनको समीक्षा र संशोधन गर्ने र जोखिममा आधारित अवशेष अनुगमन कार्यक्रमको विकास र कार्यान्वयन गर्ने ।**

औषध ऐनमा रहेका भेटेरिनरी औषधी र प्रिस्क्रिप्सन लेखनका प्रवधानहरु लाई तत्काले पुनरावलोकन गरी परिमार्जन गर्नाले हालको समस्यालाई सम्वोधन गर्न सकिन्छ। भेटेरिनरी औषधिको उत्पादन, बिक्री वितरण र प्रयोगमा कमजोर नियमनले गर्दा नेपाल प्रतिजैविकी प्रतिरोधको उच्च जोखिममा रहेकोले यसलाई सुदृढ बनाउन आवश्यक छ। सक्षम नियामक प्रणाली, तर्कसंगत प्रिस्क्रिप्शन लेखन, खपत, गुणस्तर र बिक्री वितरणमा अनुगमन गर्नु उपरिहार्य छ। पशुपालनामा असल अभ्यासहरू(GHP) प्रोटोकलहरको परिपालना गरि जोखिमहरू (जस्तै, भेटेरिनरी औषधिहरूको लागि रोक अवधि, फार्मको अभिलेख, बधको लागि ग्यारेन्टी गर्ने दस्तावेजहरू) न्युनिकरण गर्न सकिन्छ। व्यापक जोखिममा आधारित अवशेष अनुगमन कार्यक्रमहरूको कार्यान्वयनले खाद्य स्वच्छता र प्रतिजैविकी प्रतिरोधको पक्षवाट महत्त्वपूर्ण योगदान हुनुका साथै प्राथमिक उत्पादनहरूको निर्यातको लागि अन्तर्राष्ट्रिय बजार पहुँचमा समेत सहयोग पुर्याउछ। दाना पदार्थको नियमन र निरीक्षणलाई वलियो वनाउदै गोठ/खोरमा सम्मै विस्तार गर्ने गरि अनुपालन सुनिश्चित गर्न पशु फिड र फीड सामग्री उत्पादन मापदण्डहरू आवश्यक छन्।

**पशुको पहिचान र दर्ता प्रणालीको स्थापना तिनै तहहरु संगको समन्वयमा कार्यान्वयन गर्न श्रोतसाधनको सुनिश्चितता, रणनीतिको तर्जुमा र कार्यानवयन गर्ने।**

नेपालको भेटेरिनरी सेवाले पशुको पहिचान र दर्ता प्रणाली स्थापनाका लागि रणनीति तथा क्रियाकलापहरूको समीक्षा र तर्जुमा गर्नुपर्छ। पशु पहिचान र दर्ता प्रणाली श्रोतसाधनको सुनिश्चितता सहित तिनै तहका सरकारहरको समन्वय र सहकार्यमा कार्यान्वयन सुरु गर्नुपर्छ। सबै सम्वन्धित सरोकारवालाहरूसँगको सहकार्यमा पर्याप्त कानुनी संरचना, पशु उत्पत्तिका उत्पादनहरूका लागि उपयुक्त ट्रेसिबिलिटी प्रणाली विकास गरि कार्यान्वयन गर्नुपर्छ। पशुजन्य उत्पादनहरूको मुल्य श्रृंखलाका सबै तहहरु समावेश हुने गरि पशु ट्रेसिबिलिटी प्रणालीको कार्यान्वयन, WOAH को पशु कल्याण सम्वन्धी मापदण्ड र पशु बधशालामा आधिकारिक नियन्त्रण कार्यक्रमको कार्यानवयन आवश्यक छ।

## १.३ ग. सरोकारवालाहरूसँगको अन्तरक्रिया

भेटेरिनरी साधिकार निकायले पशुपन्छी क्षेत्रसंग सम्वन्धीत सरोकारवालाहरुको विश्लेषण गर्नुपर्छ र सरोकारवालाको राय समेतका आधारमा पशु स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा गर्नुपर्दछ। सरोकारवालाहरू र उत्पादक संस्थाहरूको योगदानको कदर गर्नाले सहभागितालाई

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रोत्साहन दिन सक्छ। सहयोग कार्यक्रमले किसान, व्यवसाय र उद्योगको सुशासनमा सुधार गर्दै साझेदारीको दायरा बढाउन मद्दत गर्दछ।

**पारदर्शिता, छिटो गुनासो निवारण, र नियमित परामर्श मार्फत सुशासन प्रवर्द्धन गर्ने।**

भेटेरिनरी साधिकार निकायले पारदर्शिता मार्फत जनताको विश्वास अभिवृद्धि गर्नुपर्छ। सूचना सामग्री सम्पादन, सूचना अधिकारीहरूलाई पहुँचयोग्य बनाउने, नागरिक चार्टरलाई बढावा दिने, र नागरिक गुनासोहरू समाधान गर्न प्रणालीहरूमा सक्रिय रूपमा सहभागिता जनाउनु आवस्यक छ। पशु चिकित्सा क्षेत्रका संस्थाहरुको सूचना व्यवस्थापन संस्कृतिमा सुधार र सूचना प्रविधिको प्रयोगले सुशासनमा थप सुधार ल्याउन सक्छ । सरकारी तहमा हुने आवधिक नीतिगत परामर्शलाई सहजीकरण, गुणस्तरीय सहभागिता र दस्तावेजीकरण समेत गर्नुपर्छ।

**आधिकारिक पशु चिकित्सा सेवा प्रदान गर्न इष्टतम स्रोत उपयोग गर्ने।**

भेटेरिनरी साधिकार निकायले इष्टतम स्रोत उपयोग र सेवाको गुणस्तर सुधारको लागि निजी क्षेत्रलाई केही सेवाहरू प्रत्यायोजन गरेकोछ। स्थिति समीक्षा गरि निजी सेवाप्रदायकहरूका सम्भावित जोखिमहरूको मूल्याङ्कन गरिनुपर्दछ। राष्ट्रको भेटेरिनरी सेवाले दुर्गम क्षेत्रहरूमा ध्यान केन्द्रित गरेर क्लिनिकल सेवाहरूमा पहुँच सुदृढीकरण गर्नुपर्छ जहा सीमित निजी प्रदायकहरूको उपस्थिती न्युन छ।

**भेटेरिनरी सेवाका प्राविधिक मापदण्डहरूको सुदृढिकरण कायम राख्ने।**

पशु चिकित्सा पेशामा प्राविधिक मापदण्डहरू कायम गर्न नेपालको Veterinary Statutory Body(VSB) र शैक्षिक पूर्वाधारहरू महत्त्वपूर्ण छन्। सरकारले VSB लाई स्वतन्त्र रूपमा कार्य गर्न र स्रोत परिचालन गर्न सशक्तिकरण गर्नुपर्दछ। पशुचिकित्सकको दर्ता आवधिकरुपमा नवीकरण गर्ने, शैक्षिक संस्था र निजी क्षेत्रसँगको सहकार्य हुनु आवश्यक छ। लर्निंग म्यानेजमेन्ट सिस्टमको आउटसोर्सिङले निरन्तर शिक्षा कार्यक्रमलाई सुधार गर्न सक्छ। योग्यता पुगेका पशुचिकित्सक र भेटेरीनरी पाराप्रोफेस्नल्सको एकताले पेशाको स्तर कायम राख्न मद्दत गर्दछ।

१.३ घ. बजारहरूमा पहुँच

**नियामक पाठहरूको गुणस्तर र सामंजस्यपूर्ण कार्यान्वयन गरि दिगो पशु चिकित्सा सेवा र फिल्ड पशु चिकित्सा सञ्जाल सुधार गर्ने।**

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

पशु सेवा विभागले नियामक पाठ(regulatory texts) संशोधनहरूलाई समर्थन गर्दै "एक स्वास्थ्यको अवधारण" अनुरुप विश्वव्यापी रुपमा प्रवर्द्धन गर्नुपर्छ। पशुजन्य उत्पादनका खाद्य स्वच्छता नियमहरू र भेटेरिनरी औषधिहरू सम्वन्धी नियमहरू परिमार्जनमा पशु सेवा विभागको भुमिका हुनुपर्दछ। सार्वजनिक निजी साझेदारी र आवश्यक परिमार्जनका लागि सबै सरोकारवालाहरूलाई समावेश गरि कानुनहरुको तर्जुमा तथा परिमार्जन गरिनुपर्दछ। नेपालमा खाद्य स्वच्छताको आधुनिकीकरणको क्रममा साना उत्पादकहरूलाई संरक्षण र समर्थन गर्न आवश्यक छ। WOAH Veterinary Legislation Support Program को लागि अनुरोधले समय सापेक्ष विधायकी ढाँचाको विश्लेषण गर्न मद्दत गर्न सक्छ।

पशु तथा पशुजन्य पदार्थको व्यापारमा नेपालको भेटेरिनरी सेवाहरूमा अन्तर्राष्ट्रिय समुदायको विश्वासमा सुधार गर्ने।

नेपालले राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणालीमा लगानी जारी राख्नुपर्छ र पशु चिकित्सा क्षेत्रमा जोखिममा आधारित सुधार गर्न राष्ट्रिय सूचना प्रणालीहरू एकिकृत गर्नु आवश्यक छ। पशु सेवा विभागले नेपाल राष्ट्रिय एकद्वार प्रणाली, राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली र प्रयोगशाला सूचना व्यवस्थापन प्रणालीका सान्दर्भिक कम्पोनेन्टहरू आपसमा जोड्ने सम्भावनाहरू अन्वेषण गरि संघ, प्रदेश र स्थानिय तह वाट सूचना सम्पादन गर्न सहजीकरणले सिमानाकामा नियन्त्रण सुधार र प्रमाणमा आधारित निर्णय गर्ने सहयोग पुर्याउछ।
साथै, पशु सेवा विभागले हालको सूचना प्रणालीलाई पूरा गर्न पनि थप सुधार गर्नुपर्छ। जोखिम मूल्याङ्कनका आवश्यकताहरू र जोखिम-आधारित निरीक्षणहरूमा सुधार हुनु आवश्यक छ। सम्वन्धित सरोकारवालाहरूसँग निरन्तर सम्पर्क हुनुपर्छ, तिनीहरूलाई अन्तर्राष्ट्रिय व्यापार र समानता प्रक्रियाहरू वारे जानकारी गराउनु आवस्यक छ। जनशक्ति र भेटेरिनरी निरीक्षणको क्षमतालाई वलियो बनाइ रोगमुक्त क्षेत्र स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनुपर्दछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ